# शिक्षण संस्थाको प्रत्यायनसम्बन्धी कार्यविधि, २०८३

चिकित्सा शिक्षा आयोग

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमा
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: १३/०८२
दर्ता मिति: २०८२/०८/०५

# शिक्षण संस्थाको प्रत्यायनसम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना: राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शिक्षा आयोगले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद: एक

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "शिक्षण संस्थाको प्रत्यायनसम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(घ) "चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेसा सम्बन्धी सवै विधा र तहका शिक्षा (हेल्थ प्रोफसनल एजुकेसन) सम्झनु पर्छ ।

(ङ) "निर्देशक" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ बमोजिमको निर्देशक सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ बमोजिमको मापदण्ड तथा प्रत्यायन निर्देशनालय सम्झनु पर्छ ।

(छ) "आयोग" भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(ज) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ।

(झ) "प्रतिष्ठान" भन्नाले प्रचलित कानुनबमोजिम चिकित्सा शिक्षा सञ्चालनका लागि स्थापित प्रतिष्ठान भन्ने सम्झनु पर्छ ।

(ञ) "प्रत्यायन" भन्नाले चिकित्सा शिक्षा सम्वन्धी शिक्षण संस्था वा शैक्षिक कार्यक्रमको गुणस्तरको प्रमाणीकरणलाई सम्झनु पर्छ । यस शब्दले सम्वन्धन प्राप्त गरिसकेको चिकित्सा शिक्षा सम्वन्धी कार्यक्रम सञ्चालन गरेको संस्थाले आयोगबाट प्राप्त गुणस्तर सम्वन्धी प्रमाणपत्र समेतलाई जनाउँछ । यसलाई अङ्ग्रेजीमा एक्रिडिटेसन (Accreditation) भनी सम्झनु पर्छ ।

(ट) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई जनाउँछ।

(ठ) "परीक्षक" भन्नाले दफा ११ बमोजिम प्रत्यायनका लागि नियुक्त अधिकार प्राप्त मूल्याङ्कनकर्ता सम्झनु पर्छ। सो शव्दले मुख्य परीक्षकलाई समेत जनाउँदछ।

(ड) "बाह्य मूल्याङ्कन" भन्नाले शिक्षणसंस्थाको स्व-मूल्याङ्कन प्रतिवेदनका आधारमा प्रत्यायनका लागि निर्देशनालयबाट खटाइएका परीक्षकको टोलीबाट गरिने परीक्षण सम्झनु पर्छ।

(ढ) "मापदण्ड" भन्नाले शिक्षणसंस्थाको प्रत्यायनका लागि निर्धारित आधार सम्झनु पर्छ।

(ण) "विश्वविद्यालय" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्ने गराउन प्रचालित कानुनवमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्छ ।

(त) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्दछ र सो शव्दले शिक्षण संस्था सञ्चालन गर्न दिइएको विस्तारित कार्यक्रमको अनुमतिलाई समेत जनाउँछ ।

(थ) "समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ को नियम २५ वमोजिमको चिकित्सा शिक्षा प्रत्यायन समिति सम्झनु पर्छ ।

(द) "सूचक" भन्नाले प्रत्यायनका मापदण्डका आधारमा तयार गरिएका रुजु सूची (चेकलिस्ट) सम्झनु पर्छ।

(ध) "स्व-मूल्याङ्कन" भन्नाले प्रत्यायनका लागि स्वीकृत मापदण्ड तथा सूचकका आधारमा शिक्षण संस्थाद्वारा गरिने आन्तरिक परीक्षण सम्झनु पर्छ।

## परिच्छेदः दुई

## प्रत्यायन समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

३. <u>चिकित्सा शिक्षा प्रत्यायन समिति सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा १५ बमोजिमको प्रत्यायन सम्वन्धी कार्य चिकित्सा शिक्षा आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालयले गर्ने छ।

(२) उपदफा (१) बमोजिमको कार्यमा सहयोग गर्न नियमावलीको नियम २५ बमोजिम देहायको चिकित्सा शिक्षा प्रत्यायन समिति रहने छः

(क) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालय - संयोजक

(ख) रजिष्ट्रार, नेपाल मेडिकल काउन्सिल - सदस्य

(ग) विश्वविद्यालयका डीनहरूमध्ये कार्यकारी समितिबाट मनोनीत एक जना - सदस्य

(घ) प्रतिष्ठानका डीनहरूमध्ये कार्यकारी समितिबाट मनोनीत एक जना - सदस्य

(ङ) नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद लगायतका पेशागत व्यावसायिक परिषद्का

अध्यक्षहरूमध्ये कार्यकारी समितिबाट मनोनीत एक जना - सदस्य

(च) महाशाखा प्रमुख (प्रत्यायन हेर्ने), विश्वविद्यालय अनुदान आयोग - सदस्य

(छ) वरिष्ठ अधिकृत, मापदण्ड तथा प्रत्यायन निर्देशनालय - सदस्य-सचिव

(३) उपदफा (२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ। संयोजकले तोकेको स्थान, मिति र समयमा बैठक बस्ने छ ।

(४) समितिको बैठकमा बहुमत सदस्यको उपस्थिति भएमा समितिको गणपूरक सङ्ख्या पुगेको मानिनेछ र कुल सदस्यको बहुमतबाट भएको निर्णय समितिको निर्णय हुने छ ।

(५) समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(६) कुनै कारणले समितिको बैठकमा संयोजक उपस्थित हुन नसक्ने भएमा संयोजकले तोकेको समितिको सदस्यको अध्यक्षतामा समितिको बैठक बस्नेछ। संयोजकको पद रिक्त भएको अवस्थामा समितिका सदस्य मध्येबाट समितिका सदस्यले छानेको व्यक्तिको अध्यक्षतामा समितिको बैठक बस्ने छ।

(७) समितिका संयोजक तथा सदस्यहरूले बैठकमा उपस्थिति भएवापत आयोगको कोष सञ्चालन कार्यविधिमा तोकिए बमोजिमको बैठक भत्ता प्राप्त गर्ने छन् ।

(८) समितिको बैठक सञ्चालन सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

(९) आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालयले समितिको सचिवालयको काम गर्ने छ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: (१) ऐन, नियमावली तथा यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

(क) प्रत्यायन सम्बन्धी नीति योजना, रणनीति, वार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि कार्यकारी समिति समक्ष पेस गर्ने,

(ख) शिक्षण संस्थाको प्रत्यायनका लागि निर्धारित ढाँचा, मूल्याङ्कनका मापदण्ड, सूचक, अनुसूची र आवश्यक फाराम आदि अद्यावधिक गर्न/ परिमार्जन गर्न परेमा कार्यकारी समिति समक्ष पेस गर्ने,

(ग) प्रत्यायन गराउन चाहने शिक्षण संस्थाले ऐन, नियमबमोजिमका मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा समिति आफैले वा सम्बन्धित विषयका विज्ञहरूबाट अध्ययन गराउन तथा आवश्यकतानुसार स्थलगत निरीक्षण गर्ने वा गराउने,

(घ) खण्ड (ग) बमोजिमको अध्ययनबाट निवेदन दिने शिक्षण संस्था वा उक्त संस्थाको शैक्षिक कार्यक्रमलाई प्रत्यायन गर्न मनासिव देखिएमा समितिले प्रत्यायनका लागि निर्णयसहित निर्देशनालय समक्ष सिफारिस गर्ने,

(ङ) खण्ड (घ) बमोजिम प्राप्त सिफारिसका आधारमा मापदण्ड तथा प्रत्यायन निर्देशनालयले सम्बन्धित शिक्षण संस्थाको कुनै एक वा एकभन्दा बढी शैक्षिक कार्यक्रमलाई प्रत्यायन गर्ने,

(च) खण्ड (ङ) बमोजिम प्रत्यायन प्राप्त शिक्षण संस्थाको मध्यावधि मूल्याङ्कन गर्ने,

(छ) प्रत्यायनको मर्म, उद्देश्य, प्रक्रियाका बारेमा सरोकारवालालाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(ज) प्रत्यायन सम्बन्धमा आयोग तथा कार्यकारी समितिबाट भएको निर्णय कार्यान्वयन गर्ने,

(झ) प्रत्यायन सम्बन्धी प्राविधिक कार्य गर्न विज्ञ सहितको कुनै कार्यदल वा उपसमिति आवश्यक पर्ने भएमा गठनका लागि कार्यकारी समितिसमक्ष सिफारिस गर्ने,

(ञ) समितिले गरेको कार्यको प्रतिवेदन त्रैमासिक रुपमा कार्यकारी समिति समक्ष पेश गर्ने,

## परिच्छेदः तीन

## शिक्षण संस्थाको प्रत्यायन सम्बन्धि कार्य प्रक्रिया

५. प्रत्यायनको कार्य प्रक्रियाः (१) मापदण्ड तथा प्रत्यायन निर्देशनालयले देहाय बमोजिम प्रत्यायन सम्बन्धी कार्य गर्नेछः

(क) शिक्षण संस्थालाई साठी दिनको समय दिई सार्वजनिक सूचना मार्फत प्रत्यायनका लागि स्वमूल्याङ्कन गर्न सूचना प्रकाशन गर्ने ।

(ख) प्रत्यायनका लागि शिक्षण संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा निर्देशनालयमा निवेदन दिनुपर्ने ।

(ग) शिक्षण संस्थालाई अनुसूची -२ मा संलग्न सूचकाङ्क र अङ्कभार सहितको मापदण्डमा आधारित स्वमूल्याङ्कन साधन अनलाईनमार्फत भर्न लगाई सङ्कलन गर्ने व्यवस्था मिलाउने ।

(घ) सङ्कलित स्वमूल्याङ्कन फाराम (आवेदन) रुजु गर्ने ।

(ङ) रीत पूर्वक पेस भएका आवेदनलाई प्रत्यायन समितिसमक्ष पेस गर्ने ।

(च) रीत नपुगेका आवेदनलाई कारणसहित सम्बन्धित शिक्षण संस्थामा फिर्ता पठाउने वा जानकारी गराउने ।

(छ) शिक्षण संस्थाहरूलाई बाह्य मूल्याङ्कन हुने कार्यतालिकाको बारेमा जानकारी गराउने ।

(ज) बाह्य मूल्याङ्कनका लागि खटिने मूल्याङ्कनकर्तालाई प्रत्यायनको प्रक्रिया र आधारका बारेमा अभिमुखीकरण गर्ने ।

(झ) बाह्य मूल्याङ्कनका लागि प्रत्येक शिक्षण संस्थामा मूल्याङ्कनकर्ता खटाउने।

(ञ) मूल्याङ्कनकर्ता खटाउँदा संस्थाको शैक्षिक कार्यक्रम अनुसार एक एक जना विषयगत्त विज्ञ पर्ने गरी खटाउने ।

(ट) निर्देशनालयले बाह्य मूल्याङ्कनकर्ताले पेस गरेको प्रतिवेदन रूजु गरी प्रत्यायन समिति समक्ष निर्णयार्थ पेस गर्ने ।

(ठ) समितिले खण्ड (ट) बमोजिम पेस भएको बाह्य मूल्याङ्कन प्रतिवेदनको अध्ययन, विश्लेषण गरी शिक्षण संस्था वा सो संस्थाको शैक्षिक कार्यक्रमको प्रत्यायनका सम्बन्धमा निर्णय गर्ने।

(ड) निर्देशनालयले प्रत्यायन समितिबाट भएको निर्णय बमोजिम शिक्षण संस्थालाई प्रत्यायन प्रमाण पत्र प्रदान गर्ने।

(ढ) निर्देशनालयले खण्ड (ठ) बमोजिमको प्रत्यायनको निर्णय वा नतिजा आयोगको वेबसाइट मार्फत समेत प्रकाशन गर्ने।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्ने प्रत्येक शिक्षण संस्थाले यो कार्यविधि स्वीकृत भएको मितिले तीन वर्ष भित्र आफ्नो संस्थाको र आफूले सञ्चालन गर्ने कार्यक्रमको अनिवार्य रुपमा प्रत्यायन गराउनु पर्ने छ।

६. <u>पुनरावलोकनका लागि निवेदन दिन सक्नेः</u> (१) कुनै शिक्षण संस्थाले प्रत्यायनको नतिजामा चित्त नवुझाएमा वा वाह्य मूल्यांकनको प्राप्ताङ्कमा सो भन्दा बढी हुनुपर्ने भनी दावी गरेमा प्रत्यायनको नतिजा सार्वजनिक भएको तीस दिनभित्र आवश्यक कागज प्रमाणसहित कार्यकारी समिति समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्ने छ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा कार्यकारी समितिले पेश भएका कागजात तथा प्रमाणको अध्ययन विश्लेषण गर्नेछ ।

(३) कार्यकारी समितिले आवश्यक ठानेमा सम्वन्धित क्षेत्रका विज्ञ सम्मिलित कार्यदल गठन गरी पुनः अध्ययन अवलोकन गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्यदलले सम्वन्धित शिक्षण संस्थाको अध्ययन अवलोकन गरी संस्थाले गरेको दावीको पुस्ट्याँइसहित पन्ध्र दिनभित्र कार्यकारी समिति समक्ष प्रतिवेदन वुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनका आधारमा निवेदनमा उठाइएका विषयका सम्वन्धमा पुनरावलोकनका, लागि कार्यकारी समितिले समिति समक्ष पठाउनेछ र समितिले आफ्नो राय सहित निर्णयार्थ कार्यकारी समिति समक्ष पेश गर्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्यकारी समितिले प्रत्यायनको नतिजा संशोधन गर्ने निर्णय गरेको अवस्थामा त्यस्तो शिक्षण संस्थालाई सोही बमोजिमको प्रमाणपत्र निर्देशनालयले प्रदान गर्नुपर्नेछ ।

(७) यस दफा बमोजिम कार्यकारी समितिमा पर्न आएको निवेदन उपर नब्बे दिनभित्र आवश्यक कारबाही गरी सक्नुपर्नेछ ।

## परिच्छेदः चार

## प्रत्यायनका लागि मुल्याङ्कनका आधार र अङ्कभार

७. **गुणस्तर मापनको विषयक्षेत्रः** शिक्षण संस्थाको प्रत्यायन गर्दा देहायका विषयक्षेत्रलाई आधार मानिने छः

(क) शासकीय पक्ष र नेतृत्व (Governance and Leadership),
(ख) पाठ्यक्रम व्यवस्थापन र कार्यान्वयन (Curriculum Management and implementation),
(ग) अनुसन्धान र ज्ञानको विस्तार (Research and Knowledge Extension),
(घ) भौतिक स्रोत र प्रवर्तनात्मक उपयोग (Physical Resources and innovative utilization),
(ङ) विद्यार्थी कल्याण सम्बन्धी गतिविधि (Student Welfare Activities),
(च) मानव संसाधन (Human Resource)।

८. **मुल्याङ्कनको अङ्कभारः** (१) दफा ७ बमोजिमका मुख्य विषयक्षेत्रका आधारमा शिक्षण संस्थाको गुणस्तरको मापन गर्ने पचास वटा सूचकहरू र प्रत्येक सूचकको दूई अङ्कभारका दरले एक सय पूर्णाङ्कसहितको विवरण अनुसूची- २ का आधारमा हुने छ।

(२) उपदफा (१) बमोजिमको आधारमा प्रत्येक सूचकमा आधारित भई शिक्षण संस्थाको उपलब्ध पूर्वाधारको अवस्थालाई अतिउत्तम, उत्तम , सामान्य र न्यून गरी चार श्रेणीमा वर्गिकरण गरी मूल्याङ्कन गरिनेछ। अतिउत्तमको अवस्था भएमा २ अङ्क , उत्तम अवस्था भएमा १.५ अङ्क , सामान्य अवस्था भएमा १ अङ्क र न्यून अवस्था भएमा ०.५ अङ्क प्रदान गरिने छ।

(३) उपदफा (१) र (२) बमोजिमको आधारमा मूल्याङ्कन गर्ने प्रयोजनका लागि तहगत र विषयगत न्युनतम मापदण्ड समेतलाई आधार मानी मूल्याङ्कनका विस्तृत आधार सहितको मूल्याङ्कन फाराम तयार गरि समितिले कार्यान्वयनमा ल्याउन सक्ने छ।

(४) कुनै पनि शिक्षण संस्थाले प्रत्यायनको प्रमाण पत्र प्राप्त गर्न कम्तीमा साठी अङ्क प्राप्त गरेको हुनुपर्ने छ।

(५) कुनै शिक्षण संस्थामा सञ्चालित एक वा एकभन्दा बढी शैक्षिक कार्यक्रमको समेत अनुसूची- २ मा उल्लिखित सूचकका आधारमा प्रत्यायन गरिने छ।

९. <u>प्रत्यायन नतिजाको सार्वजनिकीकरणः</u> (१) वाह्य मुल्याङ्कन प्रतिवेदनको आधारमा कुनै शिक्षण संस्थाको वा कुनै शैक्षिक कार्यक्रमको प्रत्यायनको नतिजा प्रत्यायन समितिले निर्देशनालय समक्ष सिफारिस गर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस बमोजिम निर्देशनालयले प्रत्यायनको नतिजा आयोगको वेबसाइटमार्फत सार्वजनिक गर्नेछ । कुनै शिक्षण संस्थाको वा उक्त संस्थाको कुनै शैक्षिक कार्यक्रमको प्रत्यायनको प्रमाणपत्र अनुसची -३ बमोजिमको ढाँचामा प्रदान गरिनेछ ।

१०. <u>प्रत्यायनको नतिजाको मान्य अवधिः</u> (१) शिक्षण संस्थाको प्रत्यायनको नतिजाको मान्य अवधि अधिकतम पाँच वर्षसम्मका लागि हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि समाप्त भएपछि शिक्षण संस्थाले शुरूको प्रक्रिया बमोजिम प्रत्यायनको लागि निवेदन गर्नुपर्नेछ ।

(३) कुनै शिक्षण संस्थाले आफूले गरेका गुणस्तर सुधारको विवरणसहित पुनः प्रत्यायनका लागि मध्यावधि मूल्याङ्कनको समयावधि अगावै पनि निवेदन गर्न सक्नेछ ।

## परिच्छेदः पाँच
## मूल्याङ्कनकर्ता (परीक्षक) सम्बन्धी व्यवस्था

११. <u>मूल्याङ्कन कार्यदलको गठनः</u> (१) शिक्षण संस्था वा शैक्षिक कार्यक्रमको प्रत्यायन गर्ने प्रयोजनार्थ मूल्याङ्कन /परीक्षण गरी प्रत्यायन समिति समक्ष प्रतिवेदन पेस गर्न निर्देशनालयले वाह्य मूल्याङकनकर्ताको रुपमा देहाय बमोजिमको मूल्याङ्कन कार्यदल गठन गर्ने छः

(क) मुख्य परीक्षक,
(ख) परीक्षक,
(ग) आयोगको कर्मचारी ।

(२) दफा १२ बमोजिम योग्यता पुगेका परीक्षकको सूचीबाट आयोगको उपाध्यक्षले मुख्य परीक्षक, निर्देशनालयको निर्देशकले परीक्षक र आयोगको कर्मचारी आयोगको सदस्य-सचिवले तोक्ने छ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मुख्य परीक्षक तथा परीक्षक तोक्दा प्रत्यायन गरिने शैक्षिक कार्यक्रमको विषयसँग सम्वन्धित विज्ञमध्येबाट खटाउनु पर्ने छ ।

(४) उपदफा (३) बमोजिम मुख्य परीक्षक तथा परीक्षक खटाउँदा एकभन्दा वढी शैक्षिक कार्यक्रम भएको शिक्षण संस्थामा एकभन्दा वढी परीक्षक खटाउन सकिने छ ।

(५) मूल्याङ्कन कार्यदलले सम्पादन गर्ने कार्य तथा समयावधि त्यस्तो कार्यदल गठन हुँदा निर्धारण भएबमोजिम हुने छ ।

(६) मूल्याङ्कन कार्यदलका सदस्यले प्रत्यायन सम्वन्धी कार्यमा खटिएको अवधिमा आयोगको कोष सञ्चालन कार्यविधिमा तोकिए बमोजिमको सुविधा पाउने छन् ।

१२. मुख्य परीक्षक तथा परीक्षकको योग्यता तथा काम, कर्तव्य र दायित्वः (१) मुख्य परीक्षक हुन देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछः

(क) प्रत्यायन गरिने कार्यक्रमसँग सम्बन्धित विषय क्षेत्रमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थामा कम्तीमा दश वर्ष शिक्षण गरेको वा पाँच वर्ष शिक्षण गरी चिकित्सा शिक्षा क्षेत्रको व्यवस्थापन, नीति निर्माण, अनुसन्धान, गुणस्तर सुनिश्चितता जस्ता क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(ग) आयोगद्वारा सञ्चालित मूल्याङ्कनकर्ताको तालिम लिएको।

(२) परीक्षक हुन देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछः

(क) प्रत्यायन गरिने कार्यक्रमसँग सम्बन्धित विषय क्षेत्रमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थामा कम्तीमा पाँच वर्ष शिक्षण गरेको वा तीन वर्ष शिक्षण गरी चिकित्सा शिक्षा क्षेत्रको व्यवस्थापन, नीति निर्माण, अनुसन्धान, गुणस्तर सुनिश्चितता जस्ता क्षेत्रमा कम्तीमा दुई वर्षको कार्य अनुभव भएको,

(ग) आयोगद्वारा सञ्चालित मूल्याङ्कनकर्ताको तालिम लिएको।

(३) उपदफा (१) बमोजिमको मुख्य परीक्षक तथा परीक्षकमा सूचीकृत गर्ने कार्य मापदण्ड तथा प्रत्यायन निर्देशनालयको सिफारिशमा कार्यकारी समितिले गर्ने छ ।

(४) योग्य व्यक्तिको विवरण रुजु गरी रोष्टरमा समावेश गरिनेछ र प्रत्येक वर्ष रोष्टर सूची अद्यावधिक गरिने छ ।

(५) उपदफा (४) बमोजिम रोष्टर सूचीमा रहेका मुख्य परीक्षक तथा परीक्षकलाई प्रत्यायनको प्रक्रियाका सम्बन्धमा तालिम तथा अभिमुखीकरण प्रदान गरी प्रमाणपत्र दिइने छ।

(६) उपदफा (५) बमोजिम प्रदान गरिने तालिम तथा अभिमुखीकरण सम्वन्धमा प्रत्यायन निर्देशनालयले तालिमको खाका निर्धारण गर्ने छ ।

(७) मूल्याङ्कन कार्यदलले मुख्यतः शिक्षण संस्थाको स्वमूल्याङ्कनको अध्ययन गर्ने, स्थलगत रूपमा सोको रुजु / मूल्याङ्कन गर्ने, प्राप्तिहरूको शिक्षण संस्थालाई जानकारी गराउने, प्रतिवेदन तयारी गर्ने , प्रतिवेदन निर्देशनालयमा पेस गर्ने जस्ता कार्य गर्नुपर्ने छ।

## परिच्छेदः छ

## आचार संहिताको पालना र कारबाहीसम्बन्धी व्यवस्था

१३. मूल्याङ्कनकर्ताले आचार संहिताको पालना गर्नुपर्नेः (१) मूल्याङ्कनकर्ता तथा परीक्षकले देहायको आचार संहिताको पालना गर्नुपर्ने छः

(क) अनुगमनका क्रममा कुनै पनि शिक्षण संस्थाको अतिथ्यता तथा उपहार स्वीकार गर्न नहुने,

(ख) अनुगमन गरिएको शिक्षण संस्थाको मर्यादा कायम राखी मूल्याङ्कन गर्नुपर्ने, अनुगमन स्थलमा उक्त संस्थाको यो वा त्यो पक्ष राम्रो वा नराम्रो भनी टिका टिप्पणी गर्न नहुने,

(ग) अनुगमन हुने शिक्षण संस्थामा अनुगमनकर्ताको कुनै पनि प्रकारको आवद्धता हुन नहुने,

(घ) कार्यक्षेत्र (फिल्ड)मा जानुपूर्व आफूले गर्ने कार्य र अनुगमन गर्न लागेको शिक्षण संस्थाका बारेमा कहींकतै कुनै पनि तवरले जानकारी गराउन वा सूचना दिन नहुने,

(ङ) स्वार्थको टकराव हुने शिक्षण संस्थाको अनुगमन गर्न नहुने,

(च) सबैसँग शिष्ट र मर्यादित व्यवहार गर्ने ।

१४. <u>मूल्याङ्कनकर्ता तटस्थ रहनुपर्ने</u>: (१) मूल्याङ्कनकर्ता तथा परीक्षकले कुनै पनि शिक्षण संस्थाको अनुगमन गर्दा निष्पक्ष र तटस्थ ढङ्गले गर्नुपर्ने छ ।

(२) अनुगमन गर्न जाने संस्थामा अनुगमनकर्ताको कुनै पनि संलग्नता नभएको भनी अनुसूची- ४ बमोजिम स्वघोषणा गर्नुपर्ने छ।

१५. <u>प्रत्यायन सम्बन्धी कार्यको निगरानी:</u> (१) कार्यकारी समितिले शिक्षण संस्थाको प्रत्यायन सम्बन्धी कार्यको सूक्ष्म निगरानी राख्न सक्नेछ र आवश्यक ठानेमा अनुगमनसमेत गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमनको आधारमा कार्यकारी समितिले प्रत्यायनकृत शिक्षण संस्थाको गुणस्तर सुधारका अभ्यासको मूल्याङ्कन गर्नेछ ।

१६. <u>कारवाही सम्बन्धी व्यवस्था:</u> (१) यस कार्यविधि बमोजिम मूल्याङ्कन सम्बन्धी कार्यमा खटिने व्यक्तिले आफ्नो जिम्मेवारिको कार्य तोकिएको समयमा नै सम्पन्न गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन मूल्याङ्कन सम्वन्धी कार्य समयमा सम्पन्न नगर्ने वा मूल्याङ्कन, परीक्षणको क्रममा यस कार्यविधि र मूल्याङ्कनकर्ताको आचारसंहिता विपरित कुनै कार्य गरेको पाइएमा त्यस्तो व्यक्तिलाई कार्यकारी समितिले देहाय बमोजिमको कुनै एक वा सो भन्दा वढी कारवाही गर्न सक्नेछः

(क) मुख्य परीक्षक वा परीक्षकको नामावली रोस्टरसूचीवाट हटाउने,

(ख) आगामी पाँच वर्षसम्म सोही प्रकृतिको काममा समावेश नगराउने,

(ग) आगामी पाँच वर्षसम्म आयोगद्वारा हुने कुनै पनि काममा समावेश नगराउने,

(घ) आवश्यक विभागीय कारवाहीको लागि सम्वन्धित निकायमा लेखी पठाउने ।

(३) उपदफा (२) बमोजिम कारवाही गर्नु अघि त्यस्तो व्यक्तिलाई सफाइ पेस गर्ने मौका दिनुपर्नेछ ।

(४) अनुगमन तथा मूल्याङ्कनको क्रममा प्रत्यायनकृत शिक्षण संस्थाको निर्धारित गुणस्तर कायम नरहेको पाइएमा निर्देशनालयले त्यस्तो शिक्षण संस्थालाई गुणस्तर कायम गर्न निश्चित समय दिई निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको समयावधिभित्र निर्धारित गुणस्तर कायम नगर्ने शिक्षण संस्थालाई निर्देशनालयले सो पूरा नगर्नुको कारणसहित स्पष्टीकरण सोध्न सक्नेछ ।



प्र.डा. [illegible] गिरी
उपाध्यक्ष

(६) उपदफा (५) बमोजिम सोधिएको स्पष्टीकरणको सम्बन्धमा सम्बन्धित शिक्षण संस्थाले १५ दिनभित्र आधार र कारणसहित आफ्नो सफाइ पेस गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको सफाइका सम्बन्धमा निर्देशनालय सन्तुष्ट हुन नसकेमा निर्देशनालयको सिफारिसमा कार्यकारी समितिले शिक्षण संस्थाको प्रत्यायनको मान्य अवधि घटाउन वा प्रत्यायनको प्रमाण पत्र रद्द गर्न सक्नेछ ।

## परिच्छेदः सात
## विविध

१७. **अभिन्न अङ्ग मानिनेः** (१) शिक्षण संस्थाको प्रत्यायनका सम्बन्धमा कार्यकारी समितिबाट थप निर्णय भएका विषय यसै कार्यविधिको अभिन्न अङ्क मानिने छ ।

(२) प्रत्यायनसम्बन्धी व्यवस्थालाई सहज र प्रभावकारी रुपमा कार्यान्वयनका लागि समितिले आवश्यक फाराम, सूचकलगायतका विभिन्न साधनहरूको पुनरावलोकन गरी अद्यावधिक गर्न गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमका फाराम, सूचक मापदण्ड समेत यसै कार्यविधिको अभिन्न अङ्ग मानिनेछ ।

१८. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) समितिले आफ्नो कार्य सम्पादनको क्रममा आफ्नो अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा कार्यदलका सदस्य वा आयोगको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजित अधिकार बमोजिम सम्पादन भएका काम कारवाहीको जवाफदेहिता समितिमा नै निहित रहनेछ ।

१९. **शुल्क सम्बन्धी व्यवस्थाः** (१) संस्था तथा कार्यक्रमको प्रत्यायन गर्दा चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०७७ को अनुसूची- १ को खण्ड (३) बमोजिमको शुल्क लाग्ने छ ।

(२) यस कार्यविधि बमोजिम प्रत्यायन संम्बन्धी कार्यका लागि आयोगद्वारा तोकिएको उपदफा (१) बमजिमको शुल्क प्रत्येक शिक्षण संस्थाले बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लाग्ने शुल्क कार्यकारी समितिद्वारा समय समयमा पुनरावलोकन हुन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन भएको शुल्कको जानकारी आयोगको वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

२०. **सुचना प्रविधिको प्रयोगः** (१) आयोगले प्रत्यायन सम्बन्धी कार्यको लागि सूचना प्रविधिको प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

प्र.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

२१. <u>कार्यविधिको अनुसूची संशोधनः</u> कार्यकारी समितिले यस कार्यविधिको अनुसूचीमा आवश्यक संशोधन गर्न सक्ने छ ।

२२. <u>खारेजी र बचाउः</u> (१) शिक्षण संस्थाको प्रत्यायन सम्बन्धी कार्यविधि, २०८१ खारेज गरिएको छ ।

(२) शिक्षण संस्थाको प्रत्यायन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिने छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची -१

दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## शैक्षिक कार्यक्रम प्रत्यायनका लागि आयोगमा दिनु पर्ने निवेदनको ढाँचा

मितिः

श्री मापदण्ड तथा प्रत्यायन निर्देशनालय,
चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर ।

विषयः कार्यक्रम प्रत्यायन सम्वन्धमा ।

यस शिक्षण संस्थाद्वारा सञ्चालित ———————————.शैक्षिक कार्यक्रम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ बमोजिम निर्धारित प्रत्यायन सम्वन्धी सर्त एवम् मापदण्ड पूरा गरी प्रत्यायनयोग्य भएको हुँदा देहायका विवरण तथा कागजात र चारप्रति स्वयं मूल्याकङ्कन प्रतिवेदन र निवेदन दस्तुर बापत रु ———..दाखिला गरेको सक्कलै बैङ्क भौचर समेत संलग्न गरी प्रत्यायन गरिदिने व्यवस्थाका लागि यो निवेदन पेस गरेको व्यहोरा अनुरोध छ ।

<u>विवरण</u>

शिक्षण संस्थाको नामः

प्रत्यायनका लागि आवेदन गरेको शैक्षिक कार्यक्रमः

शिक्षण संस्थाको उद्देश्यः

विद्यार्थीको मूल्याङ्कनः

विद्यार्थी सङ्ख्याः

प्राज्ञिक जनशक्ति तथा कर्मचारी सङ्ख्याः

शैक्षिक स्रोत साधनः

कार्यक्रम मूल्याङ्कन प्रक्रियाः

व्यवस्थापकीय सुशासनः

अद्यावधिक नवीकरणः

निवेदक (संस्थाको कार्यकारी प्रमुख) को नामथरः

पदः

दस्तखत

संस्थाको छाप

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची -२

(दफा ८ को उपदफा ( १) सँग सम्बन्धित)

## शिक्षण संस्था प्रत्यायनका लागि मूल्याङ्कनका विषयक्षेत्र, सूचक र अङ्कभार

प्रत्यायन प्रक्रियामा शिक्षण संस्थाको मूल्याङ्कनका लागि वेहाय बमोजिम ६ वटा मुख्य विषयक्षेत्र , ५० वटा सूचक र १०० अङ्कभार हुनेछ ।

| क्र सं. | विषयक्षेत्र | सूचक | अङ्कभार (%) |
|---|---|---|---|
| १. | शासकीय पक्ष र नेतृत्व (Governance and Leadership) | १. नीतिगत व्यवस्था, संस्थागत ढाँचा र रणनीतिक व्यवस्थापन | १६ |
| | | २. योजना, कार्यान्वयन, अनुगमन र दिगोपना | |
| | | ३. संस्थागत नेतृत्व, जिम्मेवारी व्यवस्थापनर र सङ्गठनात्मक व्यवस्थापन | |
| | | ४. गुनासोसुनुवाई र सम्बोधन | |
| | | ५. सार्वजनिक सूचना प्रवाह र प्रकाशन | |
| | | ६. शैक्षिक सूचना व्यवस्थापन पद्वति (EMIS), सूचना सुरक्षा र निष्ठा | |
| | | ७. सरोकारवलाको सहभागिता, सेवा प्रवाह, निशुल्क सेवा, समाजिक दायित्व वहन, आदि | |
| | | ८. सामाजिक, प्राविधिक र वित्तीय लेखापरीक्षण | |
| २. | पाठ्यक्रम व्यवस्थापन र कार्यान्वयन (Curriculum Management and implementation) | १. पाठ्यक्रम विकास | २० |
| | | २. पाठ्यक्रमको समसामयिक सान्दर्भिकता | |
| | | ३. उपयुक्त शिक्षण सिकाइको वातावरण, मिश्रित सिकाई | |
| | | ४. पाठ्यक्रम कार्यान्वयनको अवस्था | |
| | | ५. मूल्याङ्कन पद्वति र सिकाइ उपलब्धि | |
| | | ६. शैक्षिक सामग्री तथा सिकाइका स्रोत | |
| | | ७. शिक्षक तयारी र शैक्षणिक सहयोग | |
| | | ८. शिक्षण सिकाइ र मूल्याङ्कनमा निरन्तर सुधार | |
| | | ९. सरोकारवलाको सहभागिता र पृष्ठपोषणको संयन्त्र | |
| | | १०. विद्यार्थीको उत्तीर्ण दर | |
| ३. | अनुसन्धान र ज्ञानको विस्तार (Research and Knowledge Extension) | १. अनुसन्धान गतिविधिहरूको संस्थागत विकास | १२ |
| | | २. प्रवर्द्धन र पेटेन्टिङ्ग | |
| | | ३. अनुसन्धानमा सहकार्य, समन्वय र दिगोपन (स्रोत सङ्कलन) | |
| | | ४. अनुसन्धानहरूको प्रकाशन र डाटाबेस | |
| | | ५. विस्तारित कार्यक्रम तथा बाह्य गतिविधिहरू र उपलब्धि | |
| | | ६. अनुसन्धान तथा विस्तारित कार्यक्रममा संस्थागत गुणस्तर समूह | |



प्रो.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

| | | | |
|---|---|---|---|
| ४. | भौतिक स्रोत र प्रवर्तनात्मक उपयोग (Physical Resources and innovative utilization) | १. व्यवस्थित भौतिक पूर्वाधार | ३० |
| | | २. सिकाइ सहजीकरण र सेवाका लागि निर्धारित मापदण्ड | |
| | | ३. सिकाइ वातावरण | |
| | | ४. पूर्वाधार र उपकरणहरूको मर्मत सम्भार | |
| | | ५. पुस्तकालय (साधारण, विभागीय र विद्युतीय) सुविधा | |
| | | ६. प्राज्ञिक र पूर्वाधारको गुरु योजना | |
| | | ७. सरोकारवालाको संलग्नता र सहभागिता | |
| | | ८. प्रयोगशाला (सिप तथा सिमुलेसन सम्बन्धी, आधारभूत तथा ड्राइ र चिकित्सकीय) सुविधा | |
| | | ९. जग्गा लगायत सम्पत्तिको संरक्षण | |
| | | १०. अस्पतालको शैयाको उपयोग | |
| | | ११. बिरामीको सुरक्षा र सन्तुष्टि | |
| | | १२. आवश्यक विभागहरूको व्यवस्थापन | |
| | | १३. अस्पतालको सरसफाई र फोहोर व्यवस्थापन | |
| | | १४. विपत व्यवस्थापनको पूर्व तयारी | |
| | | १५. गुणस्तर सुधार/वृद्धिको प्रयास तथा प्रतिवद्धता | |
| ५. | विद्यार्थी कल्याण सम्बन्धी गतिविधि (Student Welfare Activities) | १. खेल र मनोरञ्जनातमक कार्य | १० |
| | | २. कल्याणकारी सेवा र सहजीकरण (छात्रावास आदि) | |
| | | ३. व्यक्तिगत वृत्ति विकास र परामर्श सेवा | |
| | | ४. विद्यार्थीको गुणस्तर समूह तथा पूर्व विद्यार्थी संघ | |
| | | ५. विद्यार्थीको विशेष सहयोगका प्रगतिशील गतिविधि | |
| ६. | मानव संशाधन (Human Resource) | १. मानव संसाधन नीति र योजना | १२ |
| | | २. शिक्षक र कर्मचारीको क्षमता विकास, सहयोग र कल्याण | |
| | | ३. कार्यसम्पादन मूल्याङ्कन पद्धति | |
| | | ४. वृत्ति विकास योजना प्रणाली | |
| | | ५. वार्ता र सम्झौता सीप | |
| | | ६. निरन्तर क्षमता विकास | |

प्रा.डा. [illegible] गिरी
उपाध्यक्ष

अनुसूची -३

(दफा ९ को उपदफा (२ ) सँग सम्बन्धित)

**प्रत्यायनको उपाधि प्रदान गर्ने प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार

**चिकित्सा शिक्षा आयोग**

सानोठिमी, भक्तपुर

**प्रत्यायन प्रमाणपत्र (Accreditation Certificate)**

शिक्षण संस्थाको प्रत्यायन सम्वन्धी कार्यविधि, २०८३ बमोजिम श्री.....................विश्वविद्यालय /प्रतिष्ठान/ शिक्षण संस्था.......................को मूल्याङ्कन गर्दा ——..प्रतिशत अङ्क प्राप्त गरी प्रत्यायनयोग्य भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ । यो प्रमाणपत्रको मान्यता मिति.........................देखि ............. सम्मका लागि हुनेछ ।

दस्तखतः

नामः

पदः निर्देशक

मिति : २०..../...../.....

अनुसूची -४

(दफा १४ को उपदफा ( १) सँग सम्बन्धित)

## प्रत्यायनको काममा खटिने मूल्याङ्कनकर्ताले गर्ने स्वघोषणाको नमुना

श्री ————————विश्वविद्यालय/प्रतिष्ठान / कलेज .....................को ............पदमा कार्यरत म र मेरो परिवारको कुनै सदस्यको ..................मा स्थित श्री ————————नामको शिक्षण संस्थामा कुनै किसिमको लगानी र आबद्धता छैन। साथै कुनै किसिमको स्वार्थ बाझिने अवस्था पनि छैन भनी स्वघोषणा गर्दछु।

स्वघोषणा गर्नेको,

ल्याप्चे सहीछाप

नामथरः

दस्तखतः

| दायाँ | बायाँ |
|---|---|
| | |

स्थायी ठेगानाः

हालको ठेगानाः

टेलिफोन नं .:

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची ५
(दफा १९ को उपदफा ( १) सँग सम्बन्धित

शिक्षण संस्था तथा कार्यक्रमको प्रत्यायन गर्दा लाग्ने शुल्कको विवरण
(चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधिको अनुसूची १ को क्रमसङ्ख्या ३ बमोजिमको )

| प्रत्यायन वापत शुल्क | रकम |
|---|---|
| क. एमविविएस कार्यक्रम (स्वदेशी लगानी। | ५,००,०००/- |
| ख एमविविएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | २,००,०००/- |
| घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | ४,००,०००/- |
| ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | १,००,०००/- |
| च. अन्य कार्यक्रम (विदेशी लगानी) | २,००,०००/- |

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष